३१०पि

# राप्ती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : अङ्क : प्रकाशन मितिः २०८०/०५/३०

**भाग २**

## राप्ती गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि- २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०५/२८

पहिलो संशोधन मिति २०८०/०५/२४

**प्रस्तावना :**

राप्ती गाउँपालिका कृषि विकास शाखा मार्फत सञ्चालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न नेपालको संविधान २०७२ बमोजिम खाद्य संप्रभुताको हकको संरक्षण गर्दै राज्यले अंगिकार गरेको कृषि नितिमा उल्लेखित किसानको हकहित संरक्षण सम्बर्द्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व वढाउन परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गर्दै प्रशोधन, भण्डारण र वजारीकरण गर्न कृषक, कृषक समूह र कृषि सहकारीहरुलाई कृषि सेवा, सामाग्री, तालिम, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र बजार पँहुचको व्यवस्था र दिगो विकास गर्ने अवधारणा अनुरुप नेपालको संविधान २०७२ को धारा २२६ वाट प्रत्याभूति हक अनुसार स्थानीय तह शासन सञ्चालनका लागी वनेको ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम राप्ती गाउँपालिकाले कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि राप्ती गाउँपालिका भर लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नाले यस कार्यविधिअनुसार सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकमलाई सम्झनुपर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/ फर्म/ कम्पनी/समूह/सहकारी संस्थालाई संम्झनुपर्छ ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई संम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले राप्ती गाउँपालिका अन्तर्गत राप्ती गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(च) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सोभन्दा बढी सदस्यहरु मिली सामूहिक प्रयत्नबाट कृषि क्षेत्रको साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएका संस्थालाई सम्झनुपर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनुपर्छ ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषिसम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले यस कार्यविधिको दफा १० अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले राप्ती गाउँपालिकालाई सम्झनुपर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यावसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारीरुपमा सञ्चालन गर्ने ।

**४. कृषि विकास कार्यक्रमहरुको विवरण :** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिमका कार्यक्रम हुनेछन् :

| सि. नं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोत बीउ उत्पादन कार्यक्रम (५०% अनुदान) | कृषि फर्म, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्ने । वीउ उत्पादनको वाली लगाउदा प्राविधिक दृष्टिकोणले वाली लाई उपयुक्त क्षेत्र तथा वाली अनुसार कायम हुन सक्ने, भौगोलिक अवस्था हुनुपर्ने ।खाद्यन्न, दलहन, तेलहन वालीको हकमा १ हे. (१.५ विघा) क्षेत्रफलमा विउ उत्पादन हुनुपर्नेछ। टि. पि. एस. आलु वीउँ उत्पादनको हकमा न्यूनतम १ कठ्ठा हुनुपर्ने र उत्पादित बीउ खायन आलुको रुपमा प्रयोग गर्न पाइनेछैन । | उत्पादन सामाग्री, साना सिँचाई, यन्त्र उपकरण खरिद / ढुवानीमा अनुदान तथा तालिम /गोष्ठी र बाली संरक्षण सेवा | उत्पादन सामाग्री तथा यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान र साना सिँचाई कार्यक्रममा ८५ % अनुदान | |
| २ | उन्नत बीउ वितरण (५०% अनुदान) | कृषक, कृषि फर्म, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्ने ।उत्पादनको लागी वाली लगाउँदा प्राविधिक दृष्टिकोणले वालीलाई उपयुक्त क्षेत्र तथा वाली अनुसार कायम हुन सक्ने, भौगोलिक अवस्था हुनुपर्ने ।सूचना भए पश्चात आवश्यक परिमाणको उन्नत विउ कृषि विकास शाखामा माग गर्नु पर्नेछ । | वाली उत्पादनमा प्रयोग हुने उन्नत विउ खरिद / ढुवानीमा अनुदान | उन्नत वीउमा परल मूल्यको ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ । | आलुको हकमा बीउँको ५ देखि १० प्रतिशत सम्म ड्राई र रट इफेक्ट राख्न सकिनेछ। |
| ३ | च्याउँ तथा मौरी विकास कार्यक्रम (५०% अनुदान) | कृषक, कृषि फर्म, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्ने ।सूचना भए पश्चात आवश्यक परिमाणको वीउ तथा मौरी घार /औजार उपकरण कृषि विकास शाखामा माग गर्नु पर्नेछ । | उत्पादन सामाग्री, यन्त्र उपकरण खरिद/ ढुवानी | मौरी घार, यन्त्र उपकरण तथा उत्पादन सामाग्रीमा ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नर्सरी (तरकारी, पुष्प, फलफुल) विकास तथा प्रवर्द्धन कार्यक्रम | वन उपभोक्ता समिति, कृषक समूह , कृषि सहकारी संस्था , कृषि फर्म दर्ता भएको हुनु पर्ने । जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने , बाँझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिइने ।पुष्प/ तरकारी नर्सरीको हकमा ३ कट्ठा तथा फलफुलको हकमा ५ कट्ठा क्षेत्रफल हुनुपर्ने, | नर्सरी सेड/ नेट, स्क्रीन हाउस निर्माण, थोपा सिंचाइ प्रणाली लगायत सिंचाइ पूर्वाधार निर्माण, कृषि औजार उपकरण खरिद तथा उत्पादन सामाग्री | उल्लेखित क्रियाकलापहरु संचालन गर्नको लागी ५०% अनुदान प्रदान गर्न सकिने । | |
| ५ | करेसा बारी व्यवस्थापन कार्यक्रम | दर्ता भएका कृषक समूह हुनपर्ने, शत प्रतिशत महिला विपन्न वर्गका आदिवासी, जनजाती, दलित, खस आर्य सहभागी भएको कृषक( महिला) समूहमा संचालन गरिनेछ, | तरकारी कम्पोजिट प्याकेट खरिद गरी वितरण गरिनेछ। | कार्यक्रम संचालनको लागी प्रति समूह रु.२००००/- खर्च गर्न सकिनेछ । | |
| ६ | फलफुल/तरकारी प्रवर्धन तथा विकास कार्यक्रम | कृषि फर्म ,कृषक समूह , कृषि सहकारी संस्था र वन उपभोक्ता समिति हुनु पर्ने । कम्तीमा १ विघा क्षेत्रफलमा खेती गरेकोहुनुपर्ने/ गर्नुपर्नेछ । | उत्पादन सामाग्री, यन्त्र उपकरण, तालिम तथा बालि संरक्षण सेवा | बीउ विजन र बेर्नामा ७५ %, यन्त्र उपकरण तथा अन्य सामाग्रीमा ५०% वा बढिमा प्रति विघा ७० हजार रकम अनुदान उपलब्ध गराइनेछ। कार्यालयले कुल अनुदान रकमको बढीमा ५ % रकम प्राविधिक सेवा टेवा तथा क्षमता विकासमा खर्च गर्न सकिनेछ | फलफुलको हकमा बेर्नाको ५ देखि १० प्रतिशत सम्म मोर्टालिटी राख्न सकिनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| $७ | पुष्प खेती प्रोत्साहन कार्यक्रम | कम्तीमा १ कठ्ठा क्षेत्रफलमा मौसमी तथा बैमोसमी पुष्प खेति गर्ने कृषक र कृषि फर्म हुर्नुपर्ने । | उत्पादन सामाग्री तथा यन्त्र उपकरण खरिद | उत्पादन सामाग्री तथा यन्त्र उपकरण खरिदमा खर्च रकमको ५०% अनुदान वा वढीमा प्रति कठ्ठा १०,०००/- उपलब्ध गराउन सकिने । | |
| $८ | करदाता कृषि पोत्साहन कार्यक्रम | व्यवसाय दर्ता लगाएत अन्य कर तिरेको हुनुपर्ने । | मुला, रायोको बीउ उपलब्ध गराइने | शतप्रतिशत निशुल्क उपलब्ध गराउने। | |
| $९ | तरकारी उत्पादनमा आधारित पोत्साहन अनुदान कार्यक्रम | राप्ती गाउँपालिकामा सूचिकृत भई संकलन केन्द्र मार्फत तरकारी बिक्री वितरण गर्नुपर्ने । | बाह्रै महिना तरकारी उत्पादन गरि नियमित रुपमा संकलन केन्द्र मा बिक्री गर्नुपर्ने । | संकलन केन्द्रले बुझाएको अभिलेख/प्रतिवेदन अनुसार किसानले विक्री गरेको तरकारीको प्रति के. जि. ३ रुपैयाँका दरले प्रत्येक अर्धवार्षिक रुपमा किसान स्वंको खातामा भुक्तानी गरिनेछ । | |
| $१० | जनचेतनामुलक प्रर्दशनी कार्यक्रम | २० देखि २५ जना किसानहरुको समूह हुनुपर्ने । संघिय वा प्रदेश सरकारको नम्स अनुसारको क्षेत्रफलमा विभिन्न बालि विशेष अपनाउनुपर्ने विशेष प्रविधिहरुको संयुक्त प्रयोगको उपयुक्तता देखाई कृषकहरुलाई उक्त बाली प्रविधि तर्फ आकृषित गराउनुपर्नेछ । | तरिका/नतिजा /उत्पादन/ उत्पादन पछिको नोक्सानी कम गर्ने प्रविधि प्रर्दशनी | प्रर्दशनीका लागि आवश्यक बीउ मलखाद(सिफारिस मात्रामा) बिषादी नियमानुसार स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरि खर्च गर्ने सकिनेछ । | |

$ पहिलो संशोधनद्वारा थप

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **आवेदन तथा प्रस्ताव माग :** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा ञछ दिनको सूचना प्रकाशन गरी कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ ।

६. **आवेदन पेश :** सूचनामा तोकिए बमोजिमको कागजातसहित दफा ४ मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनसूची-२ को निवेदनको ढाँचासहित कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

७. **प्रारम्भिक छनौट तथा सिफारिस :** दफा ६ बमोजिम प्राप्त आवेदन उपर कृषि हेर्ने विषयगत समिति र कृषि विकास शाखा प्रमुख, प्राविधिकहरुको स्थलगत अनुगमन गरी छनौट गरिनेछ ।

८. **सम्झौता प्रक्रिया :**

(१) अनुदानको लागि अन्तिम छनौटमा परेको प्रस्तावकले (कृषक वा कृषक समूह वा फार्म) यथाशीघ्र कृषि विकास शाखासँग स्वीकृत कार्ययोजना बमोजिमका शर्तहरुमा सम्झौता गर्नुपर्नेछ ।

(२) अन्तिम छनौटमा परेको कुनै कृषक वा कृषक समूह वा कृषि फार्म वा सहकारी तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक सूचीमा परेका कृषक वा कृषक समूह वा फार्मसँग सम्झौता गरी कार्य अगाडि बढाइनेछ ।

(३) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधिभित्र सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छद -५
## रकम भुक्तानी प्रक्रिया

९. **भुक्तानी प्रक्रिया :**

(१ कार्यक्रम सम्पन्न भइसकेपछि कार्य प्रगति/कार्य सम्पन्नता र दफा १० बमोजिमको समितिले दिएको प्रतिवेदनको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

(२) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरेपछि मात्र अनुदान रकम भुक्तानी गर्नेछः-

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजातसहित समयावधिभित्र पेश गर्नुपर्नेछ ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्नुपर्नेछ ।

(ग) सम्बन्धित अनुदान ग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारीकरण तथा आम्दानीसहितको प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस-पत्र समावेश गर्नुपर्नेछ ।

(३) रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने कर तथा राजश्व रकम कट्टा गरिनेछ ।

## परिच्छेद-६
## कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वयसम्बन्धी व्यवस्था

१०. **सुपरिवेक्षण तथा अनुगमन समिति :** आवश्यकता अनुसार पालिका प्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिको संयोजकसहितको टोलिद्वारा सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी उक्त समितिको अन्तिम अनुगमन प्रतिवेदन तथा राय सुझाव र सरसल्लाहअनुसार अन्तिम भुक्तानी हुनेछ ।

११. **प्रतिवेदन :** सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन कार्यालयको कृषि विकास शाखा समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

१२. **कारवाहीको व्यवस्था :** सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

१३. **बाधा अड्चन निरुपण र संशोधन :**

(१) यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(२) यो कार्यविधिको आवश्यक संशोधन गर्नुपरेमा राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको गर्न सक्नेछ ।

**अनुसूची-१**
**(दफा ६ सँग सम्बन्धित)**
**सूचनाको ढाँचा**
**प्रथम पटक सूचनाको प्रकाशन भएको मिति ……………………………………**

राप्ती गाउँपालिकाको आ.व. ………… को ……….. कार्यक्रम अन्तर्गत …………………… कार्यक्रममा यस राप्ती गाउँपालिकाभित्रका सहभागी हुन इच्छुक उद्यमी/कृषक/समूह/समिति/सहकारी/निजि फर्म/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले …… दिनभित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्तावका साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा संलग्न गर्नुपर्ने कागजात मापदण्ड यस कार्यालयको सूचना पाटी/ वेभसाइट www=raptimundang.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. प्रस्तावको सक्कल निवेदन,
२. समूह/सहकारी/निजी कृषि फर्म/कम्पनीको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि,
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कार्यक्रम संचालनको लागि कार्ययोजनासहितको प्रस्ताव,
६. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र,
७. प्रस्तवकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि,
९. कार्यक्रम संचालनको लागि जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

**नोट :** कार्यक्रमको प्रकृतिअनुसार सूचनाको ढाँचा तथा कागजातहरुको विवरण थपघट गर्न सकिनेछ।

**अनुसूचि- २**
**(दफा ६ सँग सम्वन्धित)**

**निवेदनको ढाँचा**

मितिः ..................

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**राप्ती गाउँपालिका**
**कृषि विकास शाखा/पशु सेवा शाखा**
**देउखुरी दाङ, नेपाल ।**

**विषय : ............... उपलब्ध गराइदिनुहुन अनुरोध छ ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति .......................... मा प्रकाशित गरिएको सूचना अनुसार विगत ....... वर्षदेखि मैले/हामीले ....................व्यवसाय सञ्चालन गरेको र हाल मेरो/ हाम्रो ..........................समूह/सहकारी/फार्मको अवस्था तपसिल अनुसार रहेको जानकारी गराउँदै तपसिल अनुसारका सामग्री उपलब्ध गराइदिनुहुन अनुरोधछ ।

**तपसिल**

**क. आवश्यक बीउ मात्रा**

| क्र सं | बालीको नाम | जात | क्षेत्रफल/ संख्या | परिमाण (के.जी./ संख्या | परल मूल्य | अनुदान रकम | किसानले व्यहोर्ने रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

निवेदक :
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क न. :

**द्रष्टव्य :** कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सकिनेछ ।